# नुवाकोट जिल्ला अदालतबाट जारी भएको सूचना

नोवल कोरोना भाइरस (कोभिड–१९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीब्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रण गर्नु अपरिहार्य रहेकोले सम्भावित उच्च जोखिमबाट जोगाउन भनि मिति २०७८/१/२१ गते विहान ४.०० बजेबाट नुवाकोट जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट निषेधाज्ञाको आदेश जारी भएको सन्दर्भ समेतलाई दृश्टिगत गर्दै मिति २०७८/१/२० गते सरोकारवाला निकाय समेतको सहभागितामा यस अदालतमा बसेको बैठकमा भएको छलफल समेतलाई दृष्टिगत गरी देहाएबमोजिमका सेवा प्रवाह गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचन प्रकाशित गरिएको छ।

**सुचारु रहने सेवाहरु**

(१) बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनको दर्ता र सुनुवाई।

(२) पक्राउपुर्जी अनुमती, म्याद थप, कल डिटेल, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश।

(३) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन।

(४) बालबालिकालाई अभिभावकको जिम्मा लागाइ पाउ भन्ने निवेदन।

(५) कसूर ठहर भैसकेको तर सजाय निर्धारण हुन बाँकी मुद्दाको सुनुवाई।

(६) मुद्दा दर्ता भै विचाराधिन अवस्थामा रहेका मुद्दाको मिलापत्र।

(७) मुद्दा फिर्ता।

(८) डिसमिस र तामेली।

(९) घरेलु हिंसा सम्बन्धी अन्तरिम संरक्षणात्मक आदेश जारीको लागि परेको निवेदन।

(१०) जनस्वास्थ्य र माहामारी सम्बन्धी

उल्लिखित सुचारु रहने सेवा बाहेक यस अदालतबाट प्रवाह हुने सम्पुर्ण सेवा मिति २०७८/१/२१ गते देखि मिति २०७८/१/३१ गतेसम्म स्थगन रहने छन। सेवा स्थगन भएको अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख गुज्रने छैन। विद्यमान परिस्थितिको मूल्यांकन गरी आगामि दिनमा आवश्यक निर्णयहरु सूचित गर्दै जाने व्यहोरासमेत सम्बन्धित सबैमा अनुरोधछ।

मितिः २०७८/१/२०

ठाकुरचन्द्र त्रिताल

सूचना अधिकारी